गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
# पूर्वाधार विकास कार्यालय
लमजुङ

प.सः- ०८३/०८४
च.न. ३६

मिति २०८३/०४/१३

श्री सम्पुर्ण निर्माण व्यवसायीहरु
(पूर्वाधार विकास कार्यालय, लमजुङ्गसँग सम्झौता भै कार्यरत)

विषयः म्याद थप (Time Extension) को लागि निवेदन तथा कागजात पेश गर्नेसम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न सडक, सडक पुल तथा अन्य पूर्वाधार निर्माण कार्यहरूको स्वीकृत ठेक्का सम्झौता अनुसार काम सम्पन्न हुन नसकी म्याद समाप्त भएका वा म्याद समाप्त हुने क्रममा रहेका ठेक्काहरूको **सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३** को **नियम १२०क.** को व्यवस्था बमोजिम म्याद थप सम्बन्धी आवश्यक कारबाही अगाडि बढाउन सकिने व्यवस्था सम्बन्धमा जानकारी गराउँदै यस कार्यालयसँग ठेक्का सम्झौता गरी निर्माण कार्य भैरहेका तर तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसकेका सम्बन्धित **निर्माण व्यवसायी/फर्म/कम्पनीहरूले** यो सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ को नियम १२०क. मा तोकिएको समयसीमा भित्र तोकिए अनुसार नै वस्तुनिष्ठ औचित्य र पुष्ट्याइँ खुल्ने कागजात प्रमाण सहित यस कार्यालयमा रीतपूर्वकको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने अनिवार्य कागजातहरूः**

१. म्याद थपको माग गरिएको निवेदनः (म्याद थप गर्नुपर्ने स्पष्ट प्राविधिक तथा व्यावहारिक कारण र औचित्य खुलेको निवेदन सहित म्याद थप गर्नुपर्ने कारण पुष्टि गर्ने कागजातहरु)।
२. अद्यावधिक कार्यतालिका (Updated Work Schedule)
३. म्याद थप गरे वापत थप आर्थिक दायित्व माग नगर्ने तथा थप गरिएको समय भित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीको प्रतिबद्धता पत्र
४. हालसम्मको अद्यावधिक कार्य प्रगति प्रतिवेदन
५. म्याद थप माग गरिएको अवधि अनुसारको कार्यसम्पादन जमानत (Performance Guarantee) तथा बीमालेख (Insurance Policy)

**नोटः**

नियमावलीको नियम १२०क. बमोजिम तोकिएको म्यादभित्र आवश्यक प्रमाण तथा कागजातसहित निवेदन पेश नगर्ने वा नियमानुसार औचित्य पुष्टि हुन नसक्ने ठेक्काहरूको हकमा प्रचलित खरिद कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

शोभियत खड्का
सि.डि.ई.
शोभियत खड्का